**वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**

**वैदेशिक व्यापार नियमन शाखा**

# वस्तुको प्रत्यक्ष बिक्रीको लागि इजाजत लिन चाहने कम्पनीहरूले पेश गर्ने व्यवसायिक कार्ययोजनाको ढाँचा

१. **कम्पनीको परिचयः**

१.१ स्थापना, दर्ता तथा भौगोलिक र विद्युतिय ठेगाना ( वेबसाइट, इमेल, टेलिफोन, मोवाइल नं, फेसवुक अकाउन्ट, भाइवर आदी)

१.२ कम्पनीले प्राप्त गरेका इजाजतहरु/प्रमाणपत्रहरु,

१.३ कम्पनीका सञ्चालकहरुको अनुभव र विज्ञता सहितको व्यक्तिगत परिचय विवरण,

१.४ कम्पनीका शेयरहोल्डरहरुको विवरण,

१.५ कम्पनीलाई वस्तु उपलब्ध गराउने अन्य कम्पनीहरुको विवरण सहित सम्झौता भएको भए सो को व्यहोरा,

१.६ कम्पनीको व्यवसायिक ट्रेडमार्क तथा अन्य चिन्हहरु

१.७ कम्पनीको परिचयमा खुलाउन मनासिव अन्य विवरणहरु

२. **कम्पनीको Vision, Mission, Goal, Objectives तथा कम्पनी सञ्चालन सम्बन्धी कार्यविधिहरु**

३. **कम्पनीको समग्र संगठन संरचना**

३.१ कम्पनीका विभागहरु

३.२ कम्पनीको व्यवस्थापक तथा विभागीय प्रमुखहरुको योग्यता/अनुभव समेतको व्यक्तिगत परिचय विवरण,

३.३ कम्पनीको गोदाम, प्रदर्शनी कक्ष, तालिम कक्ष आदिको विवरण,

३.४ कम्पनीका बिक्री कक्षहरु तथा बिक्री कक्ष प्रमुखको विवरण,

३.५ तालिम कार्यविधि, तालिमका विषयहरु सहितको तालिम सामग्री/स्रोत पुस्तिका,

३.६ तालिम प्रशिक्षकहरुको नाम, अनुभव र योग्यता सहितको विवरण,

३.७ बिक्रेता वा वितरक छनौटको आधार, छनौट (विधि), योग्यता, निजहरुको सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था,

३.८ वितरक वा बिक्रेताहरुसँग सम्झौता गर्ने पदाधिकारीको विवरण ।

४. **<u>बिक्री वितरण गरिने वस्तुहरुको विवरण</u>**

४.१ वस्तुको ट्रेडमार्क दर्ता तथा उत्पतिको प्रमाण पत्र भए नभएको, भए सो को विवरण

४.२ उत्पादन तथा आयात अनुमति लिनुपर्ने वस्तुहरुमा सो को इजाजत दिने निकायबाट लिएको इजाजतको विवरण,

४.३ वस्तुको उत्पादकको विवरण, उत्पत्तिको प्रमाण, उत्पादकले उपलब्ध गराउने वस्तुहरूको विवरण, वस्तुको उपयोगिता, वस्तु उपभोग गर्दा अपनाउनु पर्ने सावधानी,

४.४ प्रत्येक वस्तुको मिश्रण, मिश्रणको तत्व, परिमाण र तौल सम्बन्धी विवरण,

४.५ प्रत्येक वस्तुको उत्पादन/खरिद मूल्य, प्रशासनिक खर्च, अन्य विविध खर्च, कम्पनीको नाफा र लाग्ने कर दस्तुर सहित कम्पनीले निश्चित गरेको अधिकत्तम विक्री मूल्यको विवरण,

४.६ कारोवार गरिने वस्तु आफ्नै उत्पादन रहे नरहेको व्यहोरा,

४.७ विदेशी वस्तु कारोवार गर्ने कम्पनीले स्वदेशी वस्तुको कारोवार ५० प्रतिशत भन्दा बढी बनाउन अपनाएको विधि र सो सुनिश्चित गर्ने आधारहरूको व्यहोरा ।

५. **<u>वस्तुको खरिद तथा विक्री वितरण प्रक्रियाः</u>**

५.१ बिक्री गरिने वस्तको प्रत्यक्ष बिक्री मात्र हुने हो वा नियमित (परम्परागत) प्रकृतिको व्यापार पनि हुन्छ, सो को विवरण,

५.२ उत्पादकको तर्फबाट विक्री वितरण गरिने वस्तु नियमित रुपमा उपलब्ध गराउने सुनिश्चितता एवं प्रतिवद्धता वा सम्झौता/करार भए/नभएको, भएको भए सोको व्यहोरा,

५.३ विक्रेता वा वितरकले वस्तुको व्यापार प्रवर्द्धन गर्ने ढाँचा,

५.४ वस्तुको प्रदर्शनी, शिविर वा क्याम्पहरुको व्यवस्था भए/नभएको, भए सोको तरिका,

५.५ वस्तुको डेलिभरीको व्यवस्था भए नभएको, भए सोको लागत, साधन, समय आदि,

५.६ बिक्रेता वा वितरकले वस्तु खरिद गर्न पाउने/नपाउने, पाए सो को सीमा,

५.७ दैनिक वस्तुको खरिद, विक्री र मौज्दातका विवरण अभिलेख राख्ने व्यवस्था भए नभएको, भए सो को तरिका,

५.८ वस्तुको विज्ञापन गर्ने तरिका,

५.९ कम्पनीको सामाजिक सुरक्षा, विमा, सार्वजनिक उत्तरदायित्व र उपभोक्ता शिक्षा सम्बन्धी ।

६. <u>बिक्रेता वा वितरक सम्बन्धी व्यवस्था</u>

६.१ बिक्रेता वा वितरक बन्न आवश्यक न्यूनतम योग्यता तथा शर्त,

६.२ बिक्रेता वा वितरकसँग गरिने सम्झौताको ढाँचा तथा विषय,

६.३ बिक्रेता वा वितरकको काम, कर्तव्य, अधिकार, दायित्व तथा जिम्मेवारी,

६.४ कम्पनीले नियुक्त गर्ने बिक्रेताको संख्या,

६.५ बिक्रेता वा वितरकको काम प्रति कम्पनीको जिम्मेवारी एवं दायित्व,

६.६ बिक्रेता वा वितरकले पाउने सेवा, सुविधा, कमिशन वा बोनस सम्बन्धी विवरण,

६.७ बिक्रेता वा वितरकलाई गरिने भुक्तानीको ढाँचा र तरिका ।

६.८ वस्तुको अन्तिम उपभोक्ताले कुनै सेवा सुविधा वा छुट पाउने भए सो को व्यहोरा ।

७. <u>भौतिक पूर्वाधार तथा विक्री कक्षको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी व्यवस्थाः</u>

**७.१ कम्पनीको भौतिक पूर्वाधार**

- ☐ कार्यालय, विक्री कक्ष, तालिम कक्ष, प्रदर्शनी कक्ष, गोदाम आदिको व्यहोरा
- ☐ ढुवानीको तरिका
- ☐ ढुवानीको लागि साधन

**७.२ विक्री कक्ष सम्बन्धी**

- ☐ बिक्री कक्ष सञ्चालकको छनौट, योग्यता तथा सेवा सुविधा सहितको विवरण
- ☐ विक्री कक्ष रहने स्थलहरु
- ☐ बिक्री कक्ष र बिक्रेता वा वितरकको सम्बन्ध ।

८. <u>व्यापारिक सफ्टवेयर सम्बन्धी</u>

८.१ ढाँचा

८.२ Features

८.३ content /विवरणहरु

८.४ वस्तुको विवरण रहने तरिका

८.५ वितरकको विवरण रहने तरिका

८.६ Single billing

८.७ Non editable transaction

९. **वस्तुको प्रत्यक्ष बिक्री ( व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ नियमावली, २०७६ तथा निर्देशिका, २०७८ बमोजिम इजाजतपत्रवालाले अनिवार्य पालना गर्नुपर्ने भनी व्यवस्था भएका कुराहरु खुलाई पालना गर्ने प्रतिवद्धता तथा घोषणाहरु ।**

९.१ प्रचलित कानूनले व्यवस्था गरेका शर्तहरुको पालना गर्ने घोषणा

९.२ सामान्य नैतिक र आचरणगत घोषणा,

९.३ कम्पनी तथा बिक्रेता वा वितरकले पालना गर्ने आचरण,

९.४ कम्पनी तथा बिक्रेता वा वितरकले नगर्ने कुराहरु ।

<u>नोटः</u>

१. सम्बन्धित बुँदामा उल्लेख गरेका विवरण एवं व्यहोराहरु पुष्टी हुने प्रमाण एवं इजाजतपत्रहरु अनुसूचिमा व्यवस्थित गरी राख्नुपर्ने छ ।

२. पेश गरेको उक्त ढाँचा वमोजिमको व्यवसायिक कार्ययोजना स्वीकृत भए पछि २ प्रति तयार गरी पेश गर्नुपर्ने र सो मध्ये १ प्रति दस्तखत र छाप सहित कम्पनीमा कार्यान्वयनको लागि फिर्ता गरिने छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
बबरमहल, काठमाण्डौ